# भ्रष्टाचार र मिडिया

## काण्ड, पात्र, प्रवृत्ति र विश्लेषण



सेन्टर फर मिडिया रिसर्च-नेपाल

# भ्रष्टाचार र मिडिया

## काण्ड, पात्र, प्रवृत्ति र विश्लेषण

सेन्टर फर मिडिया रिसर्च-नेपाल

**भ्रष्टाचार र मिडिया** : काण्ड, पात्र, प्रवृत्ति र विश्लेषण
सम्पादन : तिलक पाठक/भुवन केसी
भाषा : रघुनाथ लामिछाने
लेआउट : विपेन्द्र घिमिरे
कभर डिजाइन : बासु क्षितिज
प्रकाशन वर्ष : २०८१
ISBN : 9789937171359
DOI : https://doi.org/10.62657/cmr10214

**प्रकाशक**

Center *for* Media Research NEPAL

सेन्टर फर मिडिया रिसर्च-नेपाल
वेब : https://research.butmedia.org/
सामाजिक सञ्जाल : CMRNepal
इमेल : cmrnepal@butmdia.org
© सेन्टर फर मिडिया रिसर्च-नेपाल

**सहयोग**

PURAK ASIA

पुरक एसिया
७७ कुँवर मार्ग, काठमाडौँ-३१
इमेल : info@purakasia.org

*यो पुस्तक पुरक एसियाको सहयोगमा तयार पारिएको हो। यस पुस्तकमा व्यक्त गरिएका विचार, व्याख्या र निष्कर्ष लेखक स्वयंका हुन्। यद्यपि त्यसमा पुरक एसिया सहमत नहुन सक्छ।*

# हाम्रो भनाइ

विधिको शासन, भ्रष्टाचार नियन्त्रण, सार्वजनिक उत्तरदायित्व, सरकारको प्रभावकारिता, नियामक गुणस्तर, पारदर्शिता र जवाफदेहितालाई सुशासनको सूचकका रूपमा हेर्ने गरिन्छ । सुशासनसँग राजनीतिक, व्यवस्थापकीय र नैतिक आयाम जोडिएका हुन्छन् । ती आयामको प्रभावकारी उपस्थिति र अभ्यास भए मात्र सुशासन हुन सक्छ।

सुशासनको महत्त्वपूर्ण सूचकका रूपमा रहेको भ्रष्टाचार नियन्त्रणलाई सरकार, राजनीतिक दल, कर्मचारीतन्त्र, नागरिक समाज, मिडिया, विकास साझेदारलगायतले विशेष जोड दिएका पाइन्छ । र, भ्रष्टाचार नियन्त्रणसम्बन्धी धेरै नीतिगत तथा संरचनागत प्रयास पनि भएका देखिन्छ । तर व्यवहारमा भने भ्रष्टाचारले गर्दा सुशासन मात्र नभएर बेलाबेलामा शासन पद्धतिमा समेत प्रश्न उठ्ने गर्छन् ।

नेपालको सन्दर्भमा हेर्दा धेरै पहिलेदेखि नै भ्रष्टाचारको चर्चा र नियन्त्रणका लागि पहल भएका पाइन्छ। २०४६ सालको जनआन्दोलनयता २०८१ को वैशाखसम्म नियाल्दा नेपालमा भ्रष्टाचारसम्बन्धी धेरै बहस र छलफल भएका देखिन्छ । र, भ्रष्टाचार नियन्त्रण गर्न सहयोग पुग्ने गरी ३ दर्जन भन्दा बढी कानुन बनेका पाइन्छ भने १ दर्जन भन्दा बढी सरकारी निकाय भ्रष्टाचार नियन्त्रणका लागि प्रत्यक्ष वा परोक्षरूपमा सक्रिय देखिन्छन् । भ्रष्टाचार नियन्त्रणका लागि कानुनी र संरचनागत आधारहरू तयार भएसँगै भ्रष्टाचारका घटनाक्रम पनि धेरै भन्दा धेरै बाहिर आएका देखिन्छ । भ्रष्टाचारका ठूलाठूला काण्ड पनि क्रमश: एकपछि अर्को सार्वजनिक हुँदै आएको देखिन्छ । भ्रष्टाचारका काण्ड उजागर हुँदा जति महत्त्व पाउँछ, विस्तारै सेलाउँदै जाने र मुख्य दोषी भनिएकाहरूलाई कारबाही नहुने प्रवृत्ति पनि छ। सङ्घ, प्रदेश र स्थानीय तहसहित विभिन्न निकायमा संरचनागतरूपमा भ्रष्टाचार भइरहेको भन्दै गर्दा अन्तर्राष्ट्रिय तहमा भ्रष्टाचार व्याप्त हुने देशहरूको सूचीमा नेपाल पनि दरिएको छ ।

नेपालमा सार्वजनिक क्षेत्रमा भएका भ्रष्टाचार तथा अनियमितताबारे जति कुरा बाहिर आएका छन्, निजी क्षेत्रमा हुने भ्रष्टाचार र अनियमितताबारे अनुसन्धान गर्ने निकायदेखि मिडियासम्मको त्यति ध्यान पुगेको छैन। २०७९ देखि २०८१ सालसम्म मिडियामा आएका भ्रष्टाचार तथा अनियमिततासम्बन्धी समाचार हेर्दा भ्रष्टाचार माथिदेखि तल (सङ्घ, प्रदेश र स्थानीय तह) सम्मै विकेन्द्रित भएको देखिन्छ। हरेक सरकार कुनै न कुनै रूपमा विवादमा परेकै छन्। सबै होइनन् तर भ्रष्टाचार तथा अनियमितताको विषयमा कर्मचारी, नेता, व्यापारी/उद्योगपति, ठेकेदार, प्रहरी, सेना, भ्रष्टाचारसम्बन्धी अनुसन्धान गर्ने निकायका पदाधिकारी, न्यायाधीशलगायत विवादमा परेका छन्। र, भ्रष्टाचारमा संलग्न भएकामध्ये कतिपय कारबाहीको भागीदार भए पनि समाजमा भने भ्रष्टाचार संस्कृति मौलाउँदो छ।

यो सन्दर्भमा भ्रष्टाचार, भ्रष्टाचार नियन्त्रणसम्बन्धी नेपालमा भएका नीतिगत तथा संरचनागत प्रयास, २०४६ सालपछिका भ्रष्टाचारका ठूला काण्ड, मिडियामा भ्रष्टाचारसम्बन्धी मुद्दा, भ्रष्टाचार नियन्त्रणका लागि सक्रिय निकायहरूका भूमिकासहित भ्रष्टाचारसम्बन्धी विविध पक्षमा थप जानकारी र बहस गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले तीन वर्षको प्रयासपछि यो पुस्तक प्रकाशन गरिएको हो। सर्वप्रथम हाम्रो अनुरोधलाई स्वीकार गरी अनुसन्धानात्मक लेखहरू तयार पार्नुहुने विज्ञ तथा अनुसन्धानमा सहयोग गर्नुहुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

यो पुस्तक तयारीदेखि प्रकाशनसम्म धेरैजनाले प्रत्यक्ष वा परोक्षरूपमा सहयोग गर्नुभएको छ। पुस्तकमा समावेश लेखहरूको समीक्षा गरी सुझाव दिनुहुने डा. धीरेन्द्रकुमार नाल्बोलाई विशेष धन्यवाद दिन चाहन्छु। कार्टुन उपलब्ध गराउने कार्टुनिष्टहरू र कार्टुनिष्ट क्लब नेपालप्रति आभार व्यक्त गर्दछु। त्यसैगरी विज्ञ, सम्पादक, सेन्टर फर मिडिया रिसर्च-नेपालका पदाधिकारी तथा अनुसन्धानकर्ताप्रति आभार प्रकट गर्दछु। पुस्तक प्रकाशनमा सहयोग गर्ने पुरक एसिया र ओपन सोसाइटी फाउन्डेसनप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**दीपक अर्याल**

अध्यक्ष, सेन्टर फर मिडिया रिसर्च-नेपाल

# शब्दावली

| | |
|---|---|
| अङ्क | Score |
| अधिकारको अन्तिम अभिभावक | last resort or custodian |
| आमउन्मुक्ति | Blanket immunity |
| आवश्यकतामा आधारित दृष्टिकोण | Need based approach |
| उत्तरी युरोपेली मुलुकहरू | Northern European countries |
| कानुन वा संविधान बाहिर | Ultra-vires |
| कानुनको उचित प्रक्रिया | Due process of law |
| नियामक दृष्टिकोण | Regulative perspective |
| भ्रष्टाचार अवधारणा सूचकाङ्क | Corruption Perception Index |
| लालचामा आधारित दृष्टिकोण | Greed-based approach |
| सम्पत्ति शुद्धीकरण | Money laundering |
| सामाजिक मूल्यका आधारमा | Normative Perspective |
| सांस्कृतिक अनुभूतिको दृष्टिकोण | Cultural cognitive perspective |
| ह्विस्टल ब्लोइङ | Whistle blowing |
| सिङ्गापुर भ्रष्टाचार अभ्यास अनुसन्धान | Singapore Corrupt Practices Investigation |
| एलसी | प्रतितपत्र |
| जिटुजी | सरकार र सरकारको वीचमा |
| टिआइ | ट्रान्सपरेन्सी इन्टरनेसनल |
| टिटी | टेलिग्राफिक्स ट्रान्सफर |
| सार्क | दक्षिण एसियाली सहयोग सङ्गठन |
| सिआइबी | केन्द्रीय अनुसन्धान ब्युरो |
| सिएमआर-नेपाल | सेन्टर फर मिडिया रिसर्च-नेपाल |
| सिसिटीभी | क्लोज सर्किट टेलिभिजन |

# विषयसूची


**भ्रष्टाचार र मिडिया** १-१८
*तिलक पाठक*

**नेपालमा भ्रष्टाचार : नीति र नियत** २१-६०
*दीपक अर्याल/राजीवरञ्जन सिंह*

**भ्रष्टाचारका ठूला काण्ड** ६३-१२५
*हरिबहादुर थापा*

**मिडियामा भ्रष्टाचारका मुद्दा** १२९-१७१
*भुवन केसी/चेतना कुँवर/जनार्दन नेपाल*

**कोकाकोला कर छली प्रकरण र मिडिया प्रवृत्ति** १७५-२०१
*डा. दिपेशकुमार घिमिरे*

**सिसिटिभी काण्डमा खोजी पत्रकारिता** २०५-२५४
*भुवन केसी/शकुन्तला लोथ्याल*

**भ्रष्टाचारविरुद्धका कार्टुन र प्रतीकको विविधता** २५७-२८७
*डा. कुन्दन अर्याल*

**नेपालमा भ्रष्टाचार नियन्त्रण : कानुनी व्यवस्था र अभ्यास** २९१-३३७
*तेजमान श्रेष्ठ*

**लेखक परिचय** ३३८-३३९

# लेखक परिचय

**डा.कुन्दन अर्याल** : सहप्राध्यापक अर्याल पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालयका विभागीय प्रमुख तथा स्वतन्त्र पत्रकार हुन् ।

**चेतना कुँवर** : सेन्टर फर मिडिया रिसर्च-नेपालमा मिडिया अनुसन्धानमा संलग्न कुँवर काठमाडौं विश्वविद्यालयबाट विद्यावारिधि गर्दैछिन् ।

**जनार्दन नेपाल** : विभिन्न गैरसरकारी संस्थामा करिव दुई दशक अनुभव हासिल गरेका नेपाल विकास, परामर्श र अनुसन्धानको क्षेत्रमा सक्रिय छन् ।

**तिलक पाठक** : दुई दशक पत्रकारिताको अनुभव सङ्गालेका पाठक पत्रकारिताको अध्ययन-अध्यापन र अनुसन्धान क्षेत्रमा सक्रिय छन् ।

**तेजमान श्रेष्ठ** : संवैधानिक कानुन तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा दख्खल राख्ने अधिवक्ता श्रेष्ठ नेपाल ल क्याम्पस, कानुन सङ्काय, त्रिभुवन विश्वविद्यालयमा उपप्राध्यापक छन् ।

**दीपक अर्याल** : दुई दशकदेखि पत्रकारिता तथा मिडिया अध्ययन-अध्यापनमा सक्रिय अर्याल अनुसन्धान र लेखनमा संलग्न छन् ।

**डा. दिपेशकुमार घिमिरे** : भ्रष्टाचार र अविकास शीर्षकमा विद्यावारिधि गरेका घिमिरे त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रीय विभाग कीर्तिपुरका उपप्राध्यापक हुन् ।

**भुवन केसी** : दुई दशक पत्रकारिताको अनुभव सङ्गालेका केसी मिडिया, राजनीतिलगायत विषयको अध्ययन तथा अनुसन्धानमा सक्रिय छन् ।

**राजीवरञ्जन सिंह** : त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्रमा स्नातक गरेका सिंह अनुसन्धानमा सक्रिय छन् ।

**सगुन लोथ्याल** : त्रिभुवन विश्वविद्यालय, पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागमा स्नातकोत्तर तह अध्ययन गरेकी लोथ्याल सेन्टर फर मिडिया रिसर्च-नेपालमा इन्टर्नका रूपमा काम गरेकी थिइन् ।

**हरिबहादुर थापा** : वरिष्ठ पत्रकार थापा राजनीति, प्रशासन र संसदीय ममिलासम्बन्धी पुस्तक लेखन तथा अनुसन्धानमा सक्रिय छन् ।

www.research.butmedia.org

9 789937 171359